स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको नेपाली चलचित्र 'धागा' को दोस्रो गीत 'मेरो सम्झना' बिहीबार सार्वजनिक गरिएको छ। गीतले चलचित्र को भावनात्मक पाटो उजागर गरेको छ। गीतमा सङ्गीत तथा स्वर पुष्पन प्रधानले दिएका छन्, उनलाई करुणा अधिकारीले स्वरमा साथ दिएकी छिन्। गीतको धुन र शब्द दुवैले बिछोड, सम्झना र सम्बन्धको संवेदना झल्काउँछन्।

आजको विचार...



देशको...
(दुई पेजमा)

इन्द्र अधिकारी

फ्राइडे रिलिज अन्तर्गत आज (शुक्रबार)देखि अनमोल केसी अभिनीत फिल्म 'जेरी अन टप' देशव्यापी प्रदर्शनमा आएको छ। २०० बढी शो सहित प्रदर्शनमा आएको फिल्म सुयोग गुरुङले निर्देशन गरेका हुन्। करिब तीन घण्टाको फिल्म त्रिकोणात्मक प्रेमकथा र पर्वतीय यात्रामा बनेको हो। फिल्ममा अनमोलसहित केदार घिमिरे 'माग्ने बुढा', आँचल शर्मा, जसिता गुरुङ, भुवन केसी, उषा खड्गीलगायतको अभिनय छ। अभिनेत्री सुरक्षा पन्त पनि फिल्ममा विशेष भूमिकामा छिन्।



❐ वर्ष ३१ अंक ८७ ❐ २०८२ कार्तिक १ गते शनिबार 18 october 2025, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### जलवायु परिवर्तनको जोखिममा ९० करोड मानिस

(रासस/एएफपी)

**टोकियो,** असोज ३१/विश्वका करिब ८० प्रतिशत गरिब अर्थात् झण्डै ९० करोड मानिस अहिले जलवायु परिवर्तनका आघातहरूको प्रत्यक्ष जोखिममा रहेको संयुक्त राष्ट्रसैले चेतावनी दिएको छ ।संयुक्त राष्ट्रसैंय विकास कार्यक्रम (युएनडिपी) का कार्यवाहक प्रशासक हाओल्याङ जुका अनुसार खडेरी, बाढी, तातो लहर र वायु प्रदूषण जस्ता बढ्दो र गहिरिँदै गएका जलवायु प्रभावहरूबाट कोही पनि सुरक्षित छैन, तर ती प्रभावहरूको सबैभन्दा कडा चोट गरिब वर्गले बेहोर्नुपरेको छ । उनले आगामी नोभेम्बरमा ब्राजिलमा आयोजना हुने संयुक्त राष्ट्र जलवायु शिखर सम्मेलन (कोप-३०) लाई विश्व नेताहरूले 'जलवायु कार्यलाई गरिबी विरुद्धको कार्यका रूपमा हेर्ने अवसर' बनाउन आग्रह गरे । युएनडिपी र अक्सफोर्ड पोभर्टी एन्ड ह्युमन डेभलपमेन्ट इनिसिएटिभले संयुक्त रूपमा प्रकाशन गरेको वार्षिक प्रतिवेदनअनुसार विश्वका १०९ देशमा रहेका एक अर्ब १० करोड मानिस अर्थात् करिब १८ प्रतिशत जनसङ्ख्या, 'तीव्र बहुआयामिक गरिबी' मा बाँचिरहेका छन् । यो गरिबी शिशु मृत्युदर, आवास, सरसफाइ, बिजुली र शिक्षामा पहुँचजस्ता मापदण्डहरूका आधारमा नापिएको हो । प्रतिवेदनमा बोलिभियाको सान्ता क्रुज डे ला सिएरा बाहिर बसोबास गर्ने गुआरानी आदिवासी समुदायका रिकार्डोको उदाहरण दिइएको छ । उनले आफ्नो परिवारका १८ सदस्यसँग सानो घर साझा गर्नुपरेको छ । घरमा एउटा मात्र शौचालय, काठ र कोइलाबाट चल्ने भान्सा छ र कुनै पनि बालबालिका विद्यालय जाने अवस्था छैन ।

# नाम प्रादेशिक अस्पाताल, सेवा थपिएन

***अस्पताल प्रादेशिक भए पनि अहिले पनि तत्कालीन अञ्चलको अवस्थाको सेवा सुविधामात्र दिने गरिएको छ । अहिले डायलायसिस र एनआइसीयू सेवा भने विस्तार गरिएको छ । अस्पतालको अन्य कुनै कार्यक्रम थपिएको छैन ।***

रासस

**तुलसीपुर (दाङ),** असोज ३१/तुलसीपुरस्थित तत्कालीन राप्ती अञ्चल अस्पताललाई २०७५ साल पुसमा प्रादेशिक अस्पताल बनाइएको हो । तत्कालीन अञ्चल अस्पताललाई प्रदेशस्तरको अस्पताल बनाएपछि सेवा थप हुने अपेक्षा गरिए पनि त्यो हुन सकेको छैन । अहिले पनि ५० शैयाको अनुमतिमा अस्पताल सञ्चालन भइरहेको छ ।

अस्पतालले ५० शैयाको अनुमति पाए पनि हाल बिरामीको चापअनुसार एक सय ४१ शैया सञ्चालनमा ल्याइएको छ । अस्पताल विकास समितिले निर्णय गरेर सोही बराबरका शैया थप गरी सेवा प्रदान गरिएको समितिका अध्यक्ष पदमप्रसाद न्यौपानेले बताए । "छ सय शैयाको अस्पतालको गुरुयोजना बन्यो । दुई सय शैयाको जनशक्ति पठाउने भनि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण ( ओएनएम) सर्भेको काम पनि अघि बढ्यो", उनले भने, "त्यसले कुनै पूर्णता पाउन सकेको छैन ।" हाल दाङमात्र होइन, सल्यान, रुकुम, जाजरकोट, रोल्पालगायत जिल्लाबाट बिरामी उपचारका लागि यहाँ आउने गरेका अध्यक्ष न्यौपानेले जानकारी दिए । उनका अनुसार यसरी बाहिरी जिल्लाका बिरामी आउन थालेपछि २०७६ सालमा सैंय सरकारले दुई सय शैयाको अस्पतालको पत्रसमेत दिएको हो । "सोहीअनुरुप एक शैया बराबर रु पाँच लाखसम्म अनुदान दिने भन्ने





पनि थियो । तर, अहिलेसम्म सोअनुसार कुनै अनुदान पनि आएको छैन", अध्यक्ष न्यौपानेले भने, "हाल अस्पतालबाट बिरामी रेफर गर्ने गरेको भनी गुनासो पनि बढ्ने गरेको छ । आकस्मिक उपचार कक्ष (आइसियू) सञ्चालन हुनसकेको छैन । जनशक्ति पनि अभाव हुँदा रेफर गर्नुपर्ने बाध्यता छ ।"अस्पतालको छ बिघाभन्दा बढी जग्गा अतिक्रमणमा परेको अध्यक्ष न्यौपानेले बताए । उक्त जग्गा फिर्ता ल्याउनका लागि पनि जिल्ला प्रशासन, स्थानीय सरकारलगायत सरोकार भएका सबैलाई पत्र पठाइएको जनाउँदै उनले त्यसको कुनै उपलब्धि नभएको गुनासो गरे । बिरामीको पनि घुइँचो बढ्न थालेको बताउँदै अध्यक्ष न्यौपानेले टिकट काउन्टर पाँच र बिल काउन्टर दुई सञ्चालनमा ल्याइएको जानकारी दिए । "अस्पालमा जडान गरिएको टोकन प्रणाली पनि प्रयोगमा छैन ।

-बाँकी अन्तिम पेजमा...

## तानसेनमा संस्कृति संरक्षण गर्न देउसी भैलो कार्यक्रम हुँदै

**पाल्पा,** असोज ३१/पछिल्लो समय युट्युब र मेमोरी कार्डबाट गीत बजाएर देउसी-भैलो खेल्न थालेपछि मौलिकपना हराउँदै गएको छ । विकृति र विसंगतिलाई निरुत्साहित गर्दै देउसी र भैलो मौलिक शैलीको हुनुपर्छ भन्ने सन्देशसहित जिल्लामै पहिलो पटक देउसी भैलो कार्यक्रम हुन लागेको छ। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल पाल्पाको आयोजना, तानसेन नगरपालिकाको संरक्षकत्व र तानसेन-५ वडा कार्यालयको सह आयोजनामा कार्तिक १ गते अर्थात् आज पाल्पाको तानसेनस्थित श्रीनगर साँस्कृतिक डबलीमा मौलिक देउसी भैलो कार्यक्रम हुन लागेको हो ।

प्रतिष्ठानले विहीबार पत्रकार सम्मेलन गरी कार्यक्रमको तयारीका बारेमा जानकारी गराएको छ । प्रतिष्ठानका अध्यक्ष कमल भट्टराईले मौलिक संस्कृति संरक्षण गर्ने उद्देश्यले देउसी भैलो कार्यक्रम गर्न लागिएको बताए । उनले भने "लोक संस्कृति संरक्षण गर्नु हाम्रो दायित्व हो, स्थानीय सरकारको सहयोगमा हामीले देउसी





भैलो कार्यक्रम गर्न लागेका हौं ।" कार्यक्रमको तयारी तिव्र पारिएको अध्यक्ष भट्टराईले बताए । पाल्पाली बरिष्ठ गायक नारायण रायमाझीको विशेष उपस्थितिमा कार्यक्रम गर्न लागिएको उनले बताए । कार्यक्रममा विभिन्न समुदायको मारुनी नाँच, सोरठी, झ्याउरे समेत देखाइने अध्यक्ष भट्टराईले जानकारी दिए ।उनका अनुसार कार्यक्रम हेर्न कुनै पनि शुल्क लाग्दैन । कार्यक्रममा विभिन्न स्थानीय, राष्ट्रिय कलाकारहरुको समेत प्रस्तुति रहने छ । पत्रकार सम्मेलन कार्यक्रममा प्रमुख अतिथि नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले प्रतिष्ठानले लोकसंस्कृति संरक्षणमा देखाएको चासो र सक्रियता प्रशसंनिय रहेको बताए । उनले कार्यक्रम सफल पार्न पाल्पाली पत्रकारहरुको पूर्ण सहयोग रहने समेत प्रतिवद्धता जनाए ।

-बाँकी अन्तिम पेजमा...

हार्दिक बधाई तथा शुभकामना







अत्यन्त इमान्दार, लगनशील मेरो आत्मीय भाइ, नेपाल पत्रकार महासंघ पाल्पाको सचिव, नवजनचेतना राष्ट्रिय दैनिकका सम्पादक श्री रामचन्द्र रायमाझीको गुल्मी जिल्ला मालिका गाउँपालिका-७ घमिर निवासी सुश्री भिमा कार्कीका साथ वैवाहिक जीवनमा बाँधिनुभएकोमा उहाँहरुको सुखद् दाम्पत्य जीवनको कामनासहित सु-स्वास्थ्य दीर्घायु एवं अटल सौभाग्य प्राप्तिका लागि **हार्दिक बधाई तथा शुभकामना** व्यक्त गर्दछु ।

शंकर भण्डारी
रैनादेवी छहरा गाउँपालिका -२ तान्सिङ्गल, पाल्पा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## नेताहरू एकजुट होऊ

संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्ने र थप संस्थागत गर्ने दायित्व दलहरूकै हो । चुनावको अवसर सदुपयोगबाट मात्रै त्यो दायित्व पूरा हुन्छ । जेनजी आन्दोलनबाट आएकी प्रधानमन्त्री सुशिला कार्की नेतृत्वको सरकारले प्रतिनिधि सभाको निर्वाचन मिति तोकेर अगाडि बढेको अवस्था छ । यसले वर्तमान अवस्थामा देखिएको समस्या समाधानका लागि मार्ग प्रसस्त गर्ने अपेक्षा गरिएको छ । तर दलहरु नै निर्वाचनमा जाने विषयमा एक-अर्कालाई दोषारोपणमै अल्झिरहेका छन् ।

लोकतन्त्रमा निर्वाचनको प्रमुख खेलाडी राजनीतिक दल र उम्मेदवार नै हुन् । उनीहरूकै सक्रियतापछि नै मतदाता निर्वाचनले स्पर्श गर्छ । चासो बढाउँछ । राजनीतिक माहोल तातिन्छ । तर, यतिबेला पुराना राजनीतिक दलहरू अलमलमा देखिन्छन् भने नयाँ दल दर्ताको प्रक्रिया तीव्र हुन सकेको छैन । यो अलमललाई छिटो अन्त्य गर्न र चुनावतर्फ अग्रसर हुने नीति सम्बन्धित सबैले लिनुपर्छ । दलहरुबिचको आरोप-प्रत्यारोपको खेलले देशलाई निकास होइन, अझै गहिरो संकटतर्फ धकेल्ने खतरा बढाएको छ । २१ फागुनमा निर्वाचनको मिति तोकिए पनि त्यसलाई सफलतापूर्वक सम्पन्न गर्नुपर्ने वातावरण अझै बनेको छैन ।

राजनीतिक दलहरूबीच अविश्वास, परस्पर द्वेष र बाह्य प्रभावप्रतिको संवेदनशीलता यथावत् छ । प्रमुख दलहरू कमजोर हुनु भनेको लोकतान्त्रिक शासकीय प्रणाली कमजोर हुनु हो । राजनीतिक दलहरू नै राज्यको मेरुदण्ड हुन् । तिनै कमजोर र अव्यवस्थित हुँदा शासन, प्रशासन र नीति-निर्णय प्रक्रियासमेत असन्तुलित बन्छ । सत्तापक्ष होस् वा विपक्ष, सबैले अब मुलुकको दीर्घ हितका लागि एकजुट भएर अघि बढ्नै पर्छ । निर्वाचन नै निकासको बाटो हो भने त्यसका लागि निष्पक्ष, पारदर्शी र सुरक्षित वातावरण सिर्जना गर्नुपर्छ । त्यसका लागि दलहरु आरोप- प्रत्यारोपमा नभई एक ढिक्का भई अगाडि बढ्न जरुरी छ ।

### Opinion @ Social Network

जीवन सजिलो छैन, तर
जित्न चाहनेको लागि असम्भव पनि छैन
बस विश्वास गर र अघि बढ ।

(सागर कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Karki)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देशको नेतृत्व कहाँ चुक्यो ?



इन्द्र अधिकारी

*निर्वाचित सरकारले परिणाम दिन नसकेकाले दबाब दिएर हामीले राजीनामा माग्न परेको हो, त्यसपछि पनि पारदर्शी हिसाबले काम कारबाही नभएको देखिन्छ । बानेश्वरमा बन्दुक पड्काउँदा न प्रमुख जिल्ला अधिकारी न उसको आधिकारिक कमान्डरलाई जानकारी थियो । त्यो भनेको हामीले हेर्दा सामान्य रूपमा आदेश शृङ्खलाले पनि काम गरेको छैन । उनीहरूभित्रै सुरक्षा अङ्गहरूबिच समन्वय पटक्कै देखिँदैन । एउटा प्रहरी मात्रै हतोत्साहित अवस्थामा त्यहाँ देखियो, अथवा विधिसंगत ढङ्गले पनि चलेको छैन भन्न पनि सकिन्छ । अधिकारीहरूलाई परामर्श गरिन्छ । पत्रकारहरूले जस्तै मान्छेले किन हताहत भयो भनेर सोधेपछि मात्र सीडीओ कार्यालयले 'एक गोली चलेछ' भन्ने कुरासँग सूचित भएको देखिन्छ ।*

अहिले जुन खालको परिस्थिति छ, यो स्थितिमा अन्तरिम सरकारको नेतृत्व गरिरहनुभएका सुशीला कार्की नै अहिले देशको नेता हुन् । प्रधानमन्त्री र कार्यकारी अधिकारको हैसियतले ६ महिनाभित्र चुनाव गराउने गरी संवैधानिक मार्गमा ल्याएर छोड्ने जिम्मेवारी उहाँमा छ । अधिकारको हिसाबले राष्ट्रको नेतृत्व उहाँले गरिरहनुभएको छ, तर नेतृत्वको सङ्कट अहिले मात्रै होइन, पहिल्यैदेखिको हो । हामीकहाँ नेता नेताजस्तो जन्मन नसकेकै कारण देश अलिकति अस्तव्यस्त ढङ्गले अगाडि बढेको परिस्थिति हो । जहाँसम्म अब कसरी जाला भन्ने छह जुन ढङ्गले जसले आन्दोलन गरेका कारण यो उथलपुथल भयो भनिन्छ, त्यहाँ नै राजनीतिक नेतृत्व छैन । किनकि सरकारलाई काम गर्न अप्ठ्यारो छ । कोसँग परामर्श गरेर, कोसँग समन्वय गरेर, को-कोसँग सहयोग लिएर विश्वासमा काम गर्ने भन्ने परिस्थिति छ । एकातिर जसले आन्दोलन गरेका हौं भन्छन्, तिनले कुरा सुन्न सक्दैनन् । निषेधकै राजनीति गर्न भड्किएका मान्छेहरू बाहिर सतहमा देखिन्छन् । भित्रकै केही मान्छेहरू पनि खुसुक्क काम गरौं भन्छन्, ती अल्पमतमा छन् अथवा तिनले खतरा भोगेको परिस्थिति छ । अत्यधिक ढङ्गले उत्साहित भएको र जस लिन खोज्ने जुन घटक छ, त्यो शङ्कास्पद छ र कसरी कहाँबाट कसको परामर्शमा अथवा निर्देशनमा ती भइरहेका छन्, राज्यले पनि पत्ता पाउन सकिरहेको छैन । जुन वास्तविक आन्दोलनकारी युवा पुस्ताहरूह उनीहरूले राजनीतिक बुझ्दै र अभ्यास गरिरहेका छन् । तर उनीहरू उमेर र पृष्ठभूमिको हिसाबले परिपक्व भइसकेको स्थितिमा छैनन्, जसले पुराना दलहरूलाई व्यवहार गर्न सकुन् । उनीहरूमा वार्ता गर्ने, संलग्न हुने, आफ्नो असन्तुष्टि व्यक्त गर्ने अनि यसरी अगाडि बढ्न सकिन्छ भनेर एक खालको सम्बन्ध सम्पर्क बढाउने त्यो ढङ्गको परिपक्वता आइसकेको छैन । फेरि राज्यकै संयन्त्रहरू पनि कति सहयोगी छन् भन्ने पछिल्लो चरण असाध्यै शङ्का लाग्ने परिस्थिति सिर्जना हुनुले देखाउँछ । त्यसैले सरकार नै कति विश्वासमा छ भन्ने कुरा पनि हो । निर्वाचित सरकारले परिणाम दिन नसकेकाले दबाब दिएर हामीले राजीनामा माग्न परेको हो, त्यसपछि पनि पारदर्शी हिसाबले काम कारबाही नभएको देखिन्छ । बानेश्वरमा बन्दुक पड्काउँदा न प्रमुख जिल्ला अधिकारी न उसको आधिकारिक कमान्डरलाई जानकारी थियो । त्यो भनेको हामीले हेर्दा सामान्य रूपमा आदेश शृङ्खलाले पनि काम गरेको छैन । उनीहरूभित्रै सुरक्षा अङ्गहरूबिच समन्वय पटक्कै देखिँदैन । एउटा प्रहरी मात्रै हतोत्साहित अवस्थामा त्यहाँ देखियो, अथवा विधिसंगत ढङ्गले पनि चलेको छैन भन्न पनि सकिन्छ । अधिकारीहरूलाई परामर्श गरिन्छ । पत्रकारहरूले जस्तै मान्छेले किन हताहत भयो भनेर सोधेपछि मात्र सीडीओ कार्यालयले 'एक गोली चलेछ' भन्ने कुरासँग सूचित भएको देखिन्छ । त्यो बेला अधिकारवालाहरूले पनि 'गोली चलाउन भनेकै छैन' भन्ने कुरा पनि आएका छन् । सय मिटरमा आएर सेना बसेको छ, सेना ट्रकबाट निस्किएको छैन । त्यहीँ सशस्त्र पुलिस छ, उनीहरूको कहीँ सक्रियता देखिँदैन । प्रदर्शनकारीको छाती र पेटमा गोली हानेको छ, त्योभन्दा पहिलाका शान्तिपूर्ण व्यवस्थापन गर्ने तौरतरिकाहरू एक अर्काको सूचना सम्प्रेषण गर्ने, साझेदारी गर्ने गुप्तचरको कुराहरू ती सबैमा पुरै रिक्तता देखिन्छ । त्यो संयन्त्रहरू नै अव्यावसायिक भएको हो कि असहयोगी भएको हो, त्यो नै अनुसन्धानको विषय हो । उनीहरूले सूचना संकलन गरेको अनि यस्ता गतिविधिहरू हुन सक्छन् भनेर आकलन गरेको, यस्तो भयो भने यो-यो रणनीति हुन्छ भनेर क ख ग घ... गरेर रणनीतिहरू बनाएको देखिँदैन । देशमा अनुमानै नगरेको घटना कोटेश्वरमा भयो, त्यो कुरालाई राज्य संयन्त्रले आँखा चिम्म गर्न मिल्छ ? युवापुस्ता जसको नेतृत्व छैन, उनीहरूले आह्वान मात्रै गरेका छन्, उनीहरूमाथि बन्दुक राखेर गोली हान्न सबैभन्दा सजिलो ठाउँ बन्न सक्छ भनेर हामीजत्तिको सर्वसाधारणहरूले अनुमान गरेका छौं । तीन महिना पहिला ( राजावादी प्रदर्शन) तीनकुनेमा भएको आगजनी, त्यस्तो मान्छे मारिएको पत्रकार घरभित्र जलेको विषयमा हामीले 'अनुसन्धान नै गर' भनेका थियौं । राज्य सञ्चालनमा बसेका नेतृत्वको असफलता नै भन्नु पर्‍यो । त्यति सामान्य पनि चेतना नहुनु भनेको, राज्य संयन्त्रमा बसेर त्यति पनि थाहा नपाउनु गुप्तचर सबैको असफलता होइन र ? हाम्रो राज्य संयन्त्रहरू कुनै पनि यति धेरै नातान्यावी भएछन् कि आफ्नो काममा कोही पनि व्यावसायिक प्रतिबद्धता, जिम्मेवारी, जबाफदेही देखिँदैन । त्यत्रो घटनाको बाबजुद कसैले पनि जिम्मेवारी लिएको छैन । पुरानो सरकारले प्रश्न गर्नेहरूलाई उल्टै 'हामीलाई कमजोर पार्न विदेशीहरूले परिचालित गरेको' भनेर आज केही मान्छेहरूले बोलेको सुन्छु । राज्यलाई कर तिरेको तपाईं हामी सुरक्षित हुन्छौं, सम्पत्ति सुरक्षित हुन्छ भनेर हो । यी जम्मै कुराहरूमा राज्य बेखबर भइदिने, बेवास्ता गर्दिने, उदासीन रहिदिने अनि जिम्मेवार पनि नबन्ने, जबाफदेहिता पनि नलिने हो भने हाम्रो राज्य छ कहाँ के ? त्यसले अहिले पुरानो सरकार अलोकप्रिय थियो, तपाईं हामीले पनि असाध्यै आलोचना गरेको हो । यो कुनै व्यक्तिको होइन, कुरो सरकारको हो, संरचनाको हो, प्रणालीको हो । त्यही भएर मैले पटक-पटक भन्छु- हामीले मन नपराएको केपी ओली गए । एउटा खराब मान्छे मारियो भन्दै गर्दा अब काल पल्कियो भनेर चिन्ता गर्नुपर्ने हुन्छ । हाम्रो राज्य संयन्त्रका सबै यावत कुराहरूमा हामी चिन्तित हुन जरुरी देख्छु । नेतृत्वको रिक्तताकै कारण यो परिस्थिति हुन सक्छ । तर सबै मान्छे आ-आफ्नो ठाउँमा जबाफदेही हुनु पर्दैन ? राजनीतिक नेतृत्वको मात्रै कुरा गरेर पुग्दैन, प्रशासनिक नेतृत्वको सफलता वा क्षमता देख्नुभयो ? सुरक्षा नेतृत्वको सफलता क्षमता देख्नुभयो ? अहिले यावत कुराहरू गरेर हुन्छ ? जवाफ दिनुपर्दैन ? आ-आफ्नो कामको कुन-कुन अंगले कुन संरचनाले जिम्मेवारी बहन गर्‍यो सफलतापूर्वक ? राजनीतिक अधिकार बलियो नभए, राजनीतिक अधिकार दूरगामी नभए धेरैले दुःख पाउँछन्, हामीले त्यही दुःख पाइरहेका छौं । तर यस्तो भन्दै गर्दा राजनीतिक अधिकारलाई ठिक छ, गोली हान भन्यो रे, भोलि हान भन्दै गर्दा हान्ने मान्छेले जवाफ दिनुपर्दैन ? किनभन्दा कानुन त तिमीलाई लाग्छ । उसले सिकेका पनि छन्, भोलि हान भने पनि घुँडामुनिबाहेक हान्न मैले मिल्दैन भनेर तालिम लिएको छु, यदि माथि हान्यो भने म त्यसको भागीदार बन्छु भनेर गोली हान्ने मान्छेलाई पनि थाहा छ । फेरि पनि त्यही संयन्त्रको व्यावसायिकतामा प्रश्न गर्ने कुरा हो, नागरिक सुरक्षले मानौं हामीलाई थाहा थिएन भन्छन् । तिनीहरूको पनि त असक्षमता हो । किनभने तिनीहरूले सूचना लिन प्रयास गर्नुपर्थ्यो, घुसपैठ हुन्छ भन्ने त हामी जस्तालाई नि थाहा पाउने कुरा हो । त्यो सूचनै थिएन भन्ने अनि फेरि समन्वय हुँदैन, सबैसँग छ त गुप्तचर इकाइहरू ।

अझै भएन भनेर प्रधानमन्त्रीअन्तर्गत अनुसन्धान विभाग गाभेको छ । तिनीहरूले गर्छन् के ? मानौं, हामी सूचना दिएका थियौं भन्लान् । त्यसोभए ए, बी, सी, डी... किन योजना बनाएनन् ? नेतृत्वको असफलता राजनीतिक हिसाबले मात्र होइन, राज्य संरचनामा भएको प्रशासनिक, सुरक्षा लगायतको त्यो नाकामी नेतृत्वहरू जबाफदेही हुनुपर्छ । जस्तैः वरिष्ठ अवकाशप्राप्त सेनाका मान्छेहरू एकदमै गर्व गर्छन्, ओलीले राजीनामा दिलाउन सेनापतिको भूमिका कारणले समाजलाई सम्हाल्न सक्यो भन्छन् । त्यो गर्दै गर्दा सेनापतिले राजीनामा माग्न मिल्छ र ? प्रधानमन्त्रीले राष्ट्रपतिलाई भेटेर राजीनामा दिने कि सेनापतिको हातमा राजीनामा पठाउने ? अर्को कुरा, तपाईंले राजीनामा दिनुभएन भने बचाउन सकिन्न भनेको कुरा आयो । त्यो राष्ट्रपतिलाई नि भनिएको थियो । 'मलाई मार तर म राजीनामा दिन्नँ' राष्ट्रपतिले भन्दै गर्दा ओलीजीले ठीक छ म जिम्मेवार हुन्छु, राष्ट्रपतिसमक्ष राजीनामा दिन्छु । माफ पनि माग्छु भन्न सक्नुपर्थ्यो । सुरक्षा दिन सकिन्न भन्दा तिमीहरूले औचित्य प्रमाणित गर कि त्यो संगठन केका लागि हो भनेर पनि प्रश्न गर्न नसक्ने ? सेना प्रहरीले पदमा बसेको बहालवाला प्रधानमन्त्रीलाई राजीनामा नदिए बचाउन सक्दिनँ भन्छ भने त्यो संगठनको काम के हो ? अनि त्यो औचित्य प्रमाणित गर्न पर्दैन ? केका लागि त्यो बर्दी भिरेर हिंड्ने ? नेतृत्वको सङ्कट म सबैमा देख्छु । यो प्रश्न हामी सबैले उठाउनुपर्छ, नत्र हामी सुरक्षित छैनौं । हाम्रो संयन्त्रहरूबाट हामीले सुरक्षा प्राप्त गर्ने अवस्था गुमाइसक्यौं । हाम्रा यी कुनै अङ्गहरू व्यावसायिक हिसाबले सक्षम छैनन् अथवा इमानदार छैनन्, त्यो पनि अनुसन्धानको विषय हो र गर्नुपर्छ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। कामको मेसो नमिल्दा केही बिलम्ब हुनेछ। | **तुला** : ध्यान केन्द्रित गर्नुहोस् सफलता मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **वृष** : सिरोधार्य गर्दा लाभ प्राप्त हुनेछ। स्वास्थ्यमा कमजोरीको अनुभूति हुनेछ। | **बृश्चिक** कार्यक्षेत्रमा चुनौतीहरूको सामना गर्नुपर्ला।कार्यक्रमहरूमा सहभागी भइएला। |
| **मिथुन** : कार्यक्षेत्रमा नयाँ कामको अवसर मिल्नेछ। घरायसी कार्यमा व्यस्त भइनेछ। | **धनु** : वादविवादको सम्भावना रहेको छ। निजी कार्य भोलिलाई नटाल्नुहोस्। |
| **कर्कट** : मेहनतीहरूलाई दिन अनुकूल रहनेछ। जिम्मेवारी लिँदा हानि हुनेछ। | **मकर** : आत्मविश्वासमा कमी आउन सक्छ। रोजगारको नयाँ अवसर फेला पर्नेछ। |
| **सिंह** : व्यक्तित्वलाई निखार्ने समय रहेको छ। पुरुषार्थि काम गर्ने समय रहेको छ। | **कुम्भ** : सम्पत्तिलाई लिएर वादविवाद सुल्झिनेछ।साथीहरूबाट सहयोग पाइएला। |
| **कन्या** : खानपिनमा ध्यान दिनुहोला। पहिलाका सफलताले अवसर दिलाउन सक्ला। | **मिन** : व्यक्तिहरूसँग परामर्श लिनुहोला। कार्यस्थलमा चलिरहेको मतभेद सुल्झिनेछ। |

# साहित्य दर्पण

कथा — तेजराज दाहाल

## नागरिकताको प्रमाणपत्र

आँगनमा ढोक्सा खन्याउँदा सानाठुला हिलेमाछा, पोठीमाछा, कैंचीबाम, अन्धाबाम, टेंग्रा, मागुरमाछा, घूँगी, गँगटा, भ्यागुता, र ढोडेसर्पहरु निस्कन्थे । तेत्रु र घरका केटाकेटीहरू रमाएर हेर्दथे । जिउँदा भ्यागुता र सर्प भाग्दथे, केटाकेटीहरू रमाउँदै उफ्रन्थे । यसरी ढोक्सा थाप्ने काम श्रावण-आश्विनको समयसम्म चल्दथ्यो, धेरथोर माछा परिरहन्थे । लाटी र तेत्रु जंगलबाट च्याउ र निगुरो खोजेर ल्याउँदथे कहिले काँही । मालिकको घरको भान्छामा पाकेको दाल तरकारी जे भएपनि लाटीलाई पनि दिन्थ्यो । लाटी फिस्स हाँस्दथी ।

आजभन्दा करीब पचपन्नबर्ष अघिको कुरा हो । तेत्रु भर्खर ५-६ बर्षको थियो । खोरी किसान, तेत्रुको बुवा, जेठा मुखियाको घरमा मासिक तलब ६० रुपैया र खानबस्नको सुविधासहित खेतीको काम गर्न बसेको थियो । त्यो बेलाको चलन अनुसार त्यसरी खेतीमा काम गर्ने र गराउने कार्यलाई हली बस्ने र हली राख्ने भनिन्थ्यो । खोरीकी श्रीमती कान नसुन्ने र नबोल्ने थिई, उसको वास्तविक र बोलाउने नाम नै लाटी । उसको घाँटीमा गलगाँड थियो । तेत्रुलाई असाध्यै मायाँ गर्दथी, छरछिमेकी वा मालिकको घर कै भएपनि कोही केटाकेटीले तेत्रुलाई जानी नजानी केही गरेमा लट्ठी लिएर झम्टिन्थिई । आमाको मायाँ र साथ पाएको तेत्रु खेल्दा समेत कसैले छोयो भने पनि रुँदै लाटीलाई भन्न पुग्दथ्यो, अनि केटाकेटीको भागाभाग हुन्थ्यो । कतिपय भाग्न नसक्नेले लाटीको पिटाई पनि पाउँदथे र रुँदै घर जान्थे । खोरीले बर्खाको बेलामा खेतका समाहा र पैनी-कुलोका निकाशमा माछा थाप्न सानाठुला ढोक्साहरू बनाएको थियो । हरेक साँझ ढोक्सा लगेर खाल खेतका समाहा र पैनीका निकाशहरुमा थापेर फर्कन्थ्यो र बिहानै गएर ढोक्साहरु घर लिएर आउँदथ्यो । आँगनमा ढोक्सा खन्याउँदा सानाठुला हिलेमाछा, पोठीमाछा, कैंचीबाम, अन्धाबाम, टेंग्रा, मागुरमाछा, घूँगी, गँगटा, भ्यागुता, र ढोडेसर्पहरु निस्कन्थे । तेत्रु र घरका केटाकेटीहरू रमाएर हेर्दथे । जिउँदा भ्यागुता र सर्प भाग्दथे, केटाकेटीहरू रमाउँदै उफ्रन्थे । यसरी ढोक्सा थाप्ने काम श्रावण-आश्विनको समयसम्म चल्दथ्यो, धेरथोर माछा परिरहन्थे । लाटी र तेत्रु जंगलबाट च्याउ र निगुरो खोजेर ल्याउँदथे कहिले काँही । यता काम गर्ने घरमा खाना खानेबेला भएपछि जहिलेपनि खोरी उसको लागि पस्किएको खानाको थाल बोकेर उनीहरूको आफ्नै भान्छामा जान्थ्यो र लाटीले पकाएको थप तरकारीसँग खाना खान्थ्यो । मालिकको घरको भान्छामा पाकेको दाल तरकारी जे भएपनि लाटीलाई पनि दिन्थ्यो । लाटी फिस्स हाँस्दथी । जिन्दगी साधारण भएर पनि सुन्दर र रमाइलो थियो । जेठा मुखियाको घरपरिवार पनि सज्जन थियो, हली नै बसेको भएर पनि खोरीको परिवार सहज ढंगले धेरैबर्ष उनीहरूको खेतीको काम गरेर बस्यो । त्यो जमानामा झापा मोरंगतिर धान, मकै र नगदेवालीको रुपमा धेरै पाटा (जुट)को खेती गर्ने चलन थियो । पाटाको खेतीमा मानव-श्रम धेरै लाग्दथ्यो । माटोको तयारीदेखि पाटा सुकाएर बिक्रीकालागि बजार पुर्याउनेसम्मको श्रम र खर्च जोड्ने हो भने कृषकलाई खासै आर्थिक फाइदा पनि थिएन । पाटा खेतीको प्रसंग आउँदा त्यसबेलाको उमेरदार र बलियो खोरीको नाममा गाउँमा २ वटा रेकर्डहरू थिए: अरु खेतालाहरू भन्दा डब्बल नै छिटो काट्ने र धुँदा पनि सवैभन्दा धेरै धुँने । पाटाको फसलसँग सम्वन्धित गणनाको एकाई तारी, लाछा, मुठा र बिटा हुन्थे, हिजो आज यस्तो एकाई कतै सुनिँदैन । पाटा काट्ने र धुँने सम्वन्धि कामको लागि सकेसम्म खोरीको खोजी सवैले गर्दथे । धेरै नबोल्ने, गठिलो शरीर भएको, हाँस्दा पनि खिस्समात्र गर्ने खोरी जो सुकैकोमा काम गरेपनि ईमान्दारितापुर्वक गर्दथ्यो । हुन पनि उनीहरूको जाति किसान समग्रमा सरल र सोझो हिसावले आफ्नो जिविका चलाउँने जातिको रूपमा चिनिन्थ्यो । खोरी काम सकेर सँधै पल्लो किसान गाँउमा हाँडी (जाँड) - दारू (रक्सी) पिउन जान्थ्यो । हरेकदिन रक्सी पिएर प्राय: एकै समयमा फर्कने खोरी फर्कँदा, “आई एम खोरी किसान तेत्रु माई सन“ भन्दै फर्कन्थ्यो । फर्केर खाना खाएर जेठी मुखेनीलाई, “मुखिनी, भोलि के के काम छ ?“, भनेर सोध्दथ्यो । बचन र कामको पक्का खोरी भोलिपल्ट कसैले केही नभनी आफ्नो काममा लाग्दथ्यो । एकरात पल्लो किसान गाँउबाट खोरी फर्केन, अबेरसम्म सबैले बाटो कुरे तर खोरीको अत्तोपत्तो भएन । लाटीले हातको ईशाराले, “उ किन आएन ?“, भन्दै मुख बिगारी । ढिलो खाना खाएर तेत्रु र लाटी पनि सुते । बिहानै उठेर हेर्दा तेत्रु र लाटी पनि रातारात आफ्ना लुगाफाटा लिएर गएछन् । अचम्म भयो, खोरीको परिवार नै गाँउबाट गायब भयो । गाउँमा कसैले, “अर्को गाउँ बसाइँ गए“ भने । धेरैले, “ईण्डियातिर चिया बगानमा काम गर्न गए “ भने । दुईचार दिनपछि उनीहरूलाई सवैले बिर्सिए । खोरीको परिवार गाउँबाट हराउँदा अर्को गाउँबाट पनि ५-७ घर किसानहरू रातारात गाउँ छोडेर हिंडेका रहेछन् । त्यस समयमा गाउँघरमा बिफर बिरुद्धको खोप लगाउने टोली आएको थियो । खोप लगाउने टोलीले नागरिकता पनि खोज्छ र नहुनेलाई कारवाही गर्छ भन्ने हल्ला चलेको रहेछ । खोरीले पनि रक्सी पिउने ठाउँमा ‘पल्टने कान्छा’ बाट यस्ता कुरा सुनेकोरहेछ । करीब एकबर्षपछि बेलुकीपख खोरीको परिवार जेठा मुखियाको आँगनमा टुप्लुक्क आइपुग्यो । खोरीको अनुहारमा मुस्कान उस्तै, लाटीको अनुहार उस्तै गम्भीर, तेत्रुको पोशाक फेरिएछ, अलिक ठुलो, अग्लो र राम्रो भएछ । खोरीले जेठी मुखेनीलाई भन्यो, “हामी त फेरि फर्केर आयौं, बस्न दिनुहुन्छ कि ?“ मुखेनीले भनिन्, “आज बस’ भोलि अरू कुरा गरौंला । उनीहरूले मतानमा भएको अगेनोमा खाना पकाएर खाए । मतानमाथि राखेको पराल र खोसेला सारेर आफुसँगै भएका ओड्ने ओछ्याउनेले दुईवटा ओछ्यान वनाएर सुते । बिहान भयो । खोरीले मुखेनीसँग भन्यो, “के गर्नु मालिक्नी’ डरभन्दा ठुलो केही हुँदो रहेनछ । ‘पल्टने कान्छा’ ले नागरिकता नभएका तिमीहरूलाई अब जेल हाल्छ भागेर ईण्डिया गई हाल भन्यो, त्यहि भएर कसैलाई नसुनाई हामी भागेका थियौं“ । आफु र आफ्ना परिवारको पनि नागरिकता नभएकोले डरले खोरी आफ्नो परिवार लिएर हातीकिस्सा, ईण्डिया चिया बगानमा काम गर्ने आफन्तहरू कहाँ आश्रय लिन गएको रहेछ । त्यहाँपनि आफुसँग सरकारी निस्सा र कागजहरू नहुँदा अपहेलित भएपछि जे भएपनि आफु जन्मेको देश ठाउँ फर्कने भनेर नेपाल फर्किएका रहेछन् । खोरीको कुरा सुनिसकेपछि जेठी मुखेनीले भनिन्, “आफ्नै जनमन गरेर खानु, म मतानमा बस्न दिन्छु । जहिलेसम्म बस्छौ बस’ घरमा कामपर्दा म ज्याला दिएर लगाउँछु ।“ उनीहरू खुशी भएर त्यहिं बसे । गाउँघरमा सवैलाई थाह भएकै कुरा थियो, पहाडीमुलका मानिसहरू स्थायीरुपमा बस्न थाल्नुभन्दा दशकौं अगाडिदेखि झापामा आदिबासी किसानहरूको बसोबास थियो । तर पनि अशिक्षा, अज्ञानता र असल सहजकर्ताको अभावमा खोरी किसान जस्ता सयौं किसानहरूको नागरिकता नहुँदा ’पल्टने कान्छा’ जस्ता उट्पट्याँगहरूले समेत उनीहरूलाई तर्साएको कुरा सज्जन मानिसलाई मन पर्नेकुरै थिएन । खोरीको बह सुनिसकेपछि जेठा मुखेनीले त्यसबेलाका वार्ड सदस्य आफ्ना देवर साईला मुखियासँग खोरीको समस्या बताएर सहयोग गरिदिन भनिदिइन् । त्यसबेलाको प्रशासनिक प्रक्रिया अनुसार वार्ड सदस्य, गाउँ पञ्चायतका प्रधानपञ्च, जिल्ला पञ्चायतका सभापतिको सिफारिस हुँदै जिल्ला प्रशासन कार्यालयबाट खोरी र लाटीको नागरिकता प्रमाणपत्र एकहप्ताभित्र वन्यो । नागरिकताको प्रमाणपत्र लिएर आएपछि खोरीले भन्यो, “हेर त, पहिला हामीसँग यो कागज भएको भए, हामी भाग्नु पर्ने त थिएन, बिफरको खोप पनि लगाउन पाइने थियो“। खोरी प्रफुल्ल हुँदै मनमनै भन्यो, “अब तेत्रु १६ बर्ष पूरा हुँनासाथ नागरिकता प्रमाणपत्र वनाईदिन्छु“ । केहि समयपछि, गाउँघरमा सुनियो, “पल्लो गाउँको ’पल्टने कान्छा’ बिफर लागेर मर्यो रे’ । यो खवर सुनेपछि खोरीले आफ्नो र लाटीको नेपाली नागरिकताको प्रमाणपत्र झोलाबाट निकालेर एकपल्ट हेर्यो र मुसुक्क हाँस्यो ।

*-समकालीन साहित्य डटकम*

व्यंग्य निबन्ध — नारायण भट्टराई

## प्रकाशकलाई चिठ्ठी



मेरो कवितासंग्रह छाप्ने काम पूरा भएको जानकारी दिनु भएकोमा धन्यवाद ! हाम्रो सम्झौता अनुसार किताब छाप्ने काम मात्र छ महिना ढिलो भएछ । तपाईंको प्रकाशनगृह प्रतिको मेरो विश्वसनीयता गत वर्षको तुलनामा पचास प्रतिशतले बढेको छ । यस पाली पनि तपाईंले “नेपाली समय” लाई राम्रैसँग पछ्याउन सफल हुनुभएको छ । यस सफलताको लागि एक अँगालो धन्यवाद टक्र्याउँछु । आशा छ कविताहरू सम्झौता अनुसारकै कागजमा पानामा छापिएका छन् । कामचोर ठेकेदारले बनाएका साउने सडकहरूको दुर्दशा मेरो किताबले बेहोर्नु पर्दैन । छ महिना अघिको हाम्रो भेटमा तपाईंले जुन प्रकारले आफ्नो इमानदारिता र व्यावसायिकताको एक कोष लामो फेहरिस्त सुनाउनु भएको थियो, त्यसबाट म विश्वस्त भएको छु । किताब निस्किएसँगै सम्झौता अनुसार विमोचनको पनि तयारी गर्नु होला । म चाहन्छु मेरो किताबको विमोचनको खबरले डाँडो खोलो थर्कियोस् । वाहवाहीको आवाज दुनियाँमा गुन्जियोस् । च्याउ सरी डटकमहरूमा विमोचनको समाचार सजियोस् । म एक स्थापित साहित्यकार हुँ भन्ने तपाईंलाई हेक्का नै होला । कतिले मलाई महाकाव्यकार भन्छन् भने भर्चुअल सञ्जालको दुनियाँमा त म बिछट्ट विद्वत् शिरोमणि नै हुँ । मेरो काव्यिक विरासत सुहाउने समारोहको आयोजना होस् भन्ने मेरो आग्रह रहेको छ । मेरो कृति बारे बोल्ने वक्ताहरू राजनैतिक दलका नेता हुन अनिवार्य छ । अरू पुरस्कृत किताबहरू जस्तै यो किताब पनि मैले विशेष मेहनत गरेर लेखेको छु । कम्तीमा चार वटा उर्वर वर्षहरू यस किताबमा मैले खर्चेको छु । अरू ऐरे गैरे समालोचक वा समीक्षकहरूले मेरा कविताभित्रको रहस्य खुट्याउन सक्दैनन् । तिनीहरूको अध्ययन पुग्दैन । तिनीहरूको सोचाइ र बौद्धिकता पुग्दैन । मेरा कविताको बारेमा रिङ्गो नबिराई बोल्न सक्ने भनेकै नेताहरूले हो । कार्यक्रममा नेता छान्दा विशेष ध्यान दिनु होला । चानचुने नेताले मेरो किताबको बारेमा बोल्ने ल्याकत राख्दैनन् । उनीहरूको योग्यता पुग्दैन । काव्यकै बारेमा बोल्नु पर्ने भएकोले प्रमुख राजनैतिक दलका उच्च पदस्थ नेताहरूलाई बोलाउनु होला । वहाँहरूले देश विकास गर्ने तारिकाका बारेमा बोलेर सयौं काव्य रचिसक्नु भएको छ । वक्ता छान्दा कम्तीमा एक पटक मन्त्री भइसकेका वा हुने सम्भावना भएका नेताहरूको सूचीबाट वाकक्लामा निपुण मान्छेहरू छान्नु होला । प्रधानमन्त्री हुने सम्भावना बोकेका नेता भए सुनमा सुगन्ध नै हुने थियो । नेता छान्दा झिनामसिना पार्टीका होइन, हाल सत्ता सिन वा भविष्यमा सत्तामा पुग्न सक्ने पार्टीका नेताहरू मात्र छान्नु होला । आलोचनाबाट बच्न एक-दुई जना चाहिँ काव्यिक व्यक्तिहरूलाई पनि वक्ता बनाए हुन्छ तर हाम्रो मुख्य जोड नेतामा हुनु अत्यन्तै आवश्यक छ । नेतालाई वक्ता बनाउनु भनेको सम्पर्क स्थापित गर्नु पनि हो । तपाईंलाई सम्पर्कको महत्त्व थाहै छ । कुकुरको कुकुरसँगको सम्पर्कले कुकुरको बच्चा पप्पी जन्मिन्छ । हात्तीको हात्तीसँगको सम्पर्कले छावा जन्मिन्छ । बाघको बाघसँगको सम्पर्कले डमरु जन्मिन्छ । तर मान्छेको नेतासँगको सम्पर्कले एउटा कुरा मात्र जन्मिँदैन । राष्ट्रिय स्तरको पुरस्कार जन्मिन सक्छ । उच्च सरकारी पद जन्मिन सक्छ । सांसद पद नै जन्मिन सक्छ । यो सम्पर्कले असीमित फाइदाका सम्भावनाहरू जन्माउन सक्छ, जसले मेरो मात्र होइन तपाईंको पनि मालामाल हुन सक्छ । राष्ट्रिय स्तरका पुरस्कारहरू धमाधम घोषणा भइरहेका छन् । यस बेलामा सत्तासीन पार्टीका नेतालाई नै प्राथमिकतामा राख्दा राम्रो हुन्छ । उहाँहरूलाई मञ्चमा विशेष फूलको गुच्छाले स्वागत गर्ने व्यवस्था पनि गर्नु होला । नेताहरूलाई ठूला-ठूला माला मन पर्छ । त्यसैले सकेसम्म धेरै किलोका गह्रुँगा मालाहरूको चाँजो गर्नु होला । भविष्य भनेको कसले देखेको छ र! मेरै किताबले पो पुरस्कार फुस्काइहाल्ने हो कि! मैले पुरस्कार जित्नु भनेको तपाईंको व्यापार बढ्नु हो । भोलि मलाई नै माधव घिमिरेजीको उत्तराधिकारी घोषणा गर्न सक्छन् । महाराष्ट्रकविको उपाधि मेरै पोल्टामा पर्न सक्छ । मैले भनी राख्नै पर्दैन । तपाईं जस्तो कारोबारी मान्छेलाई यस्ता कुरा मलाई भन्दा बढी थाहा छ । त्यसैले तीन पाथी चिल्लो दलेर भए पनि सत्तासीन दलको उच्च तहको नेतालाई बोलाउन नबिर्सनु होला । नेता-वक्ता प्रतिको मेरो आसक्ति तपाईंलाई अनौठो लाग्न सक्छ । तपाईंले इतिहास कत्तिको पढ्नुभएको छ ? हामीले हाम्रा अग्रजहरूबाट प्रेरणा लिने हो । तपाईंले रोमन कवि ख्ब्चनर्ष को बारेमा सुन्नु भएको छ ? उनी तत्कालीन सम्राट् अगस्टसका दाहिने हात थिए रे । भनिन्छ, भर्जिलको The Aeneid एउटा महाकाव्य मात्र थिएनह तात्कालिक शासनको प्रचार गर्ने राजनीतिक दस्ताबेज पनि थियो । प्राचीन युगका होमर र दाँतेदेखि मध्य युगका कालिदास, अनि पुनर्जागरण युगका सेक्सपियर र भोल्तेयर सम्मले कुनै न कुनै रूपमा सत्ताको रापताप प्राप्त गरेको कुरा ‘गुगल पुराण’मा पढ्न पाइन्छ । नेपालको इतिहासको त के कुरा गर्नु पर्‍यो र ! सबै जगजाहेर छ । शक्तिको आड-भरोसा पाएर चम्किएका साहित्यकारहरूको इतिहास बलियो छ । त्यही बलियो इतिहासमा टेकेर मैले नेतालाई मेरो कार्यक्रममा वक्ता बनाउने निधो गरेको हुँ । फेरि तपाईंले जिकिर गर्नु होला: “साहित्यकारज्यू, हजुर त सुपरिचित हुनुहुन्छ । देश-विदेशमा मान्छेहरूले ससम्मान बोलाएर तपाईंको लागि कार्यक्रम आयोजना गर्छन् । संसारभर छाउनुभएको छ । फेरि पनि किन एउटा किताब विमोचनको लागि नेता नै चाहियो? कुनै राजनीतिक दलको नेता भन्दा तपाईंको सामाजिक प्रतिष्ठा कम छैन । तपाईंको परिचय भनेकै तपाईंका किताब हुन् ।” हेर्नुस्, इतिहास जहिले पनि सत्ताको पक्षमा लेखिन्छ । इतिहास ठूलो समूहले लेख्ने होइन । तल बसेर जति नै मान्छेहरूले कराए पनि देखिने भनेको जो माथि छ, उसैलाई हो । जो माथि देखिन्छ, उसैको आवाज बढी सुनिन्छ । जसको आवाज ठूलो छ, उसैको कुरा बढी बिक्छ । शक्तिले आवाज ठूलो बनाउन ऊर्जा दिन्छ । यो प्रकृतिको नियम हो । त्यो नियमलाई बदल्ने म जस्तो बबुराको के ल्याकत छ र ! त्यसैले इतिहास आफ्नो पक्षमा लेखाउनु छ भने सत्ताको शरणमा पर्नै पर्छ । त्यही भएर त युगौँदेखि कतिपय विद्वानहरूले साहित्यलाई शक्तिको उपासनाको माध्यम बनाए । त्यसैले नेतालाई काव्य विमोचन कार्यक्रममा वक्ता बनाउनु बुद्धिमानीपूर्ण कार्य हो । समयको माग हो । पिता-पुर्खाले बसालेको मलिलो संस्कारको निरन्तरता हो । कविता विमोचनमा नेता आउन मान्दैनन् कि भनेर चिन्ता लिनु पर्दैन । अचेल नेताहरू खाली-खाली छन् । बोल्ने ठाउँ नपाएर छटपटिएका छन् । अचेल भाषण सुन्ने मान्छे पाउन कहाँ सजिलो छ र ! धेरैजसो मान्छे काममा छन् । काम नहुने मान्छेहरू कि गुरु र गुरुआमाका प्रवचन सुन्न धाममा छन्, कि विदेश उड्ने लाममा छन् । नेताका भाषण भन्दा राम र कृष्णका कथामा मान्छे रमाउन थालेका छन् । सायद नेतामा भन्दा भगवानमा मान्छेलाई बढ्ता भरोसा हुन थालेछ क्यार । नेतालाई भोग्नु पर्छ, भगवानलाई भोग्नु पर्दैन । सायद मान्छे बाठा भए । विदेश उड्नुको आफ्नै फाइदा छ । गफाडी नेतालाई भोग्नु पर्दैन, तर फुर्सदमा मज्जाले गाली दिन पाइन्छ । हिजोआज नेताहरू एक्लिँदै गएका छन् । भाषण मार्ने अवसरहरूबाट वञ्चित हुँदै गएका छन् । त्यस माथि जेन- जी पुस्ताको बोलवाला बढेको छ । अब जेन एक्स र जेन वाई पुस्ताका नेताको जुम्रा मारेर बस्ने दिन आउला जस्तो छ । यस अवस्थामा कविता विमोचन कार्यक्रममा उहाँहरू नआउने कुरै हुन्न । कार्यक्रम गर्दा हाम्रो मुख्य ध्यान अग्रस्थानमा बस्ने पाहुनामा हुनु अत्यन्तै आवश्यक छ । प्रमुख अतिथि, मुख्य अतिथि, विशेष अतिथि, अनि विशिष्ट अतिथिहरूलाई राख्ने कुर्सी विशेष खालका तयार गर्नु होला । अग्रस्थानमा बस्ने र दर्शकदीर्घामा बस्ने मान्छे बराबर हुँदैनन् । कार्यक्रममा अतिथि बोलाउँदा पनि विशेष ध्यान दिनु होला । अतिथिलाई आसन ग्रहण गराउने कार्य कार्यक्रमभरि नै चलिरहोस् । कुनै पनि अतिथिले आसन ग्रहण गराइएन भनेर गुनासो नगरुन् । कोही पनि अतिथि आसन ग्रहण नगराएको निहुँमा कार्यक्रममा टाउको देखाएर नभागुन् । म चाहन्छु, कोही पनि मसँग नरिसाउन् किनकि मर्दा मलामी चाहिन्छ भनेर म अहिलेदेखि चिन्तित छु र सबैलाई खुशी राख्न चाहन्छु । आलोचनाभन्दा प्रशंसाले हल गुन्जियोस् । किताबमा कमी-कमजोरी औंल्याउने मान्छे भनेका वर्ग-शत्रु हुन् । तिनीहरूबाट टाढा रहेकै बेस । कार्यक्रममा खाने कुराको व्यवस्था त्यति राम्रो चाहिन्न । दुई गेडा समोसा र सेलाएको गल्ली चिया भए पुगिहाल्छ । खाने र भलाकुसारी गर्ने कुरामा समय खेर नजाओस् । किताबको चर्चामा भन्दा आसन ग्रहण, भाषण र प्रशंसामा धेरै समय खर्च गर्नु होला । सम्झौता अनुसार चाँडै नै विमोचन समारोहको निम्तोको आशा गर्दछु ।

*-साहित्यपोस्ट डटकम*



तानसेनस्थित शितलपाटीमा तिहार नजिकिएसँगै विक्रीका लागि राखिएका सामान । *तस्वीर : रामचन्द्र रायमाझी/एनजेडी*

## खेलकुद समाचार

### भारतले कहिले पाउँछ एशिया कपको ट्रफी ?



**काठमाडौं,** असोज ३१/भारतले अझै एशिया कप २०२५ को ट्रफी पाएको छैन । गएको सेप्टेम्बर २८ मा सकिएको प्रतियोगिताको ट्रफी भारतले अझै नपाएको हो । संयुक्त अरब इमिरेट्स (यूएई) को दुबई अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको एशिया कपको फाइनलमा खेलमा भारतले पाकिस्तानलाई हराउँदै ट्रफी जितेको थियो । एशिया कप जितेपछि भारतीय टोलीले एशियन क्रिकेट काउन्सिल (एसीसी) प्रमुख तथा पाकिस्तान क्रिकेट बोर्ड (पीसीबी) का अध्यक्ष मोहसिन नक्वीबाट ट्रफी लिन अस्वीकार गरेको थियो । भारतीय टोलीले नक्वीबाट ट्रफी लिन अस्वीकार गरेपछि अहिले त्यो ट्रफी दुबईमा रहेको एसीसी कार्यालयमा रहेको क्रिकेटसम्बन्धी जानकारी दिने वेबसाइट क्रिकबजले जनाएको छ । पीसीबीका अध्यक्ष नक्वीले एसीसीका कर्मचारीहरूलाई आफ्नो अनुमतिविना एसीसी कार्यालयबाट ट्रफी सार्न नहुने निर्देशन दिएको खबरमा उल्लेख छ । दुबईमा रहेको अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) एकेडेमी परिसरभित्र रहेको एसीसी कार्यालयमा दुई जना कर्मचारी छन् । गएको सेप्टेम्बर ३० मा दुबईमा भएको एसीसीको वार्षिक साधारण सभा (एजीएम) मा एसीसी अन्तर्गतका टेस्ट खेल्ने ५ वटा देश भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश र अफगानिस्तानले समाधान नभएको विषयमा छलफल गर्ने र निष्कर्षमा पुग्ने निर्णय गरेको थियो । अब अर्को बैठक आउँदो महिनाको शुरूमा दुबईमा हुने आईसीसीको त्रैमासिक बैठकसँगै हुने तय भएको छ । तर बैठकमा पीसीबीका अध्यक्ष मोहसिन नक्वी उपस्थित नभए यो विषय थप जटिल हुन सक्छ ।

## अर्थ/कर्पोरेट समाचार

# सुन तोलाको दुई लाख ५८ हजार पुग्यो



**पाल्पा,** असोज ३१/सुनको मूल्यमा नयाँ कीर्तिमान कायम भएको छ । स्थानीय बजारमा बिहीबारको तुलनामा शुक्रबार सुनचाँदीको मूल्य तोलामा ७ हजार एक सय रुपैयाँले बढेको हो ।

मूल्य बढेसँगै सुन प्रतितोला रू दुई लाख ५८ हजारमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासैले जनाएको छ । यस्तै, चाँदी प्रतितोला रू तीन हजार ३ सय ५० मा किनबेच भएको छ । बिहीबार सुन प्रतितोला रू दुई लाख ५० हजार ९ सय र चाँदी प्रतितोला रू तीन हजार २ सय ७५ मा कारोबार भएको थियो । अन्तरराष्ट्रिय बजारमा सुन शुक्रबार प्रतिऔँस चार हजार ३ सय ६० अमेरिकी डलर हाराहारीमा कारोबार भएको छ । महासंघका अनुसार सुनको भाउ बढ्नुमा मुख्यतया दुई कारण रहेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेका भन्सार शुल्क अर्थात् ट्यारिफ । अर्को हो, बैंक अफ युकेको ब्याजदर नीति । अमेरिकी राष्ट्रपति ट्रम्पले ९० देशमा भन्सार शुल्क बढाएका छन् । ट्रम्पको नीतिले विश्वको आपूर्ति प्रणाली, मूल्य सञ्जाल र कूटनीतिक सम्बन्धमा समेत असर परेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । बैंक अफ युकेले ब्याजदर ० दशमलव २५ प्रतिशत घटाएको छ । बैंकले ब्याजदर ४ दशमलव २५ प्रतिशतबाट घटाएर ४ प्रतिशतमा झारेको अवस्थामा लगानीकर्ता सुनमा आकर्षित भएको देखिन्छ ।सुन तोलाको दुई लाख ५८ हजार

## दीपावली सतर्कतापूर्वक मनाऔं ।

दीपावलीको समयमा :

मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,

त्यसबाट बच्न:

-दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,

-बालबालिकाले भेट्ने गरी दियो, मैनबत्तीलगायतका प्रज्वलनशील पदार्थ नराखौं,

-पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,

-मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,

-धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत -सट भई आगो लाग्न सक्ने हुँदा कम प्रयोग गरौं,

-एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तीको प्रयोग गरौं,

-पटाका तथा अन्य प्रज्वलनशील बस्तुको प्रयोग नगरौं ।

आगजनीबाट बचौं र बचाऔं !

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## तानसेनमा...

...कार्यक्रममा तानसेन -५ का वडा अध्यक्ष रामबहादुर रावलले संस्कृति संरक्षण गर्ने उद्देश्य राखेर श्रीनगर डबली निर्माण गरिएको भन्दै त्यसको उपयोग गर्ने दिशामा प्रतिष्ठानले चासो देखाएकोमा वडा कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्ने बताए । उनले संस्कृति संरक्षण गर्ने दायित्व सबैको साझा भएकाले यसको प्रचार प्रसार गरिदिन जिल्लाका पत्रकारहरुलाई आग्रह गरे । प्रतिष्ठानका पूर्व अध्यक्ष तथा लोक गायक हुम गैरेले कार्यक्रम सफल पार्न सबै लाग्नुपर्नेमा जोड दिए । प्रतिष्ठानका अध्यक्ष भट्टराईको अध्यक्षता, उपाध्यक्ष रुपेश कार्कीको स्वागत, कार्यक्रम संयोजक पवन बस्यालको सञ्चालनमा पत्रकार सम्मेलन भएको थियो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## नाम प्रादेशिक...

... जसले गर्दा भीडभाड हुने गरेको छ", उनले भने । अस्पतालमा सीमित स्रोतसाधन र जनशक्ति हुँदा सेवा प्रवाहमा केही समस्या भएको कुरा सेवाग्राहीलाई बुझाउन नसक्दा अस्पतालप्रति गुनासो बढेको निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. पदमराज अधिकारीले बताए । "सेवा थप गर्नेभन्दा पनि भएका सेवा कसरी सञ्चालन गर्ने भन्ने चिन्ता हुन थालेको छ", उनले भने, "भएका सेवालाई गुण्स्तरीय र प्रभावकारी बनाउनु चुनौतीपूर्ण छ ।" अस्पताल प्रादेशिक भए पनि अहिले पनि तत्कालीन अञ्चलको अवस्थाको सेवा सुविधामात्र दिन सकिएको डा. अधिकारीले उल्लेख गरे । अहिले डायलायसिस र एनआइसीयू सेवा भने विस्तार गरिएको उनले बताए । "अस्पतालको कुनै कार्यक्रम थपिएको छैन", उनले भने, "तर हामीले आफ्नो दायित्वअन्तर्गत डायलायसिस र एनआइसीयू सेवा विस्तार गरेका छौँ ।" हाल अस्पतालबाट पाँचदेखि सात प्रतिशत मात्रै बिरामीलाई रेफर गर्ने गरिएको डा. अधिकारीले जानकारी दिए । दुर्घटनासम्बन्धी घटना र केही बिरामीको माग अनुसार रेफर गर्ने गरिएको उनको भनाइ छ । चिकित्सकहरू आफ्नो कार्यसमयमा नबस्ने गरेको गुनासो आइरहेको भन्दै यसमा चिकित्सक स्वयम् गम्भीर बन्नुपर्नेमा उनले जोड दिए । साथै उनले अस्पतालका 'सटर'हको बोलपत्र प्रक्रिया अघि बढाइएको जनाउँदै डा. अधिकारीले भवन डिभिजन कार्यालयबाट पनि प्रतिवेदन आइसकेको बताए । चिकित्सकहरू नियमित ड्युटमा नबस्दा बढी गुनासो आउने गरेको तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए । "चिकित्सक अस्पतालमा नभेटिने, बिरामीको रिपोर्ट नहेर्ने, हेरे पनि दुई-तीन घण्टा लगाइदिने गुनासोले आक्रोश बढेको छ, यो समस्या सुधार नभएसम्म यस्ता गुनासा आइरहन्छन्", उनले भने । चिकित्कसहरू दिउँसो १:०० नबज्दै निजी अस्पतालमा जाने गर्नाले सेवाग्राहीमा वितृष्ण बढ्ने गरेको उनको भनाइ छ । अस्पतालको स्तरवृद्धि गर्नतर्फ आफू सक्रिय रहेको भए पनि सोअनुसार कार्यान्वयन हुन नसक्दा सेवा प्रवाहमा केही समस्या आइरहेको उपमहानगरप्रमुख खड्काले बताए । "अस्पतालले सामग्री खरिद गर्ने तर प्रयोगमा नल्याउने गर्नाले पनि सेवा प्रवाहमा समस्या हुने गरेको छ", उनले भने ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई